कृष्णनगर नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

कृष्णनगर कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

## कृष्णनगर र बहादुरगंज बजार सरसफाई गर्ने कार्य सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०३/३०

कृष्णनगर नगरपालिका,नगर कार्यपालिकाको निर्णय बमोजिम कृष्णनगर तथा बहादुरगंज बजार तथा नाला सरसफाई गरि फोहोर संकलन र व्यवस्थापन गर्ने कार्य र बेवारिसे लास सतगत गर्ने तथा मरेका छाडा पशु चौपाया लाई व्यवस्थापन गर्ने कार्य अधिकतम ठेक्का अंकमा नबढने गरी आ.व.२०८३/०८४ को लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुदां ईच्छुक दर्तावाला फर्म/संघ संस्थाहरुले लिन चाहेको ठेक्काको दरभाउ पत्र फारम दस्तुर फिर्ता नहुने गरी तपसीलमा उल्लेखित भएको म्याद भित्र ठेक्काको दरभाउ पत्र खरिद गरी आफूले कबोल गरेको ठेक्का अंकको तोके बमोजिमको रकम नगदै वा यस नगरपालिकाको नेपाल बैंक लिमिटेड कृष्णनगर शाखा स्थानीय तह धरौटी खाता न.०१४०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिन सम्म म्याद भएको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत बोलपत्र साथ राखी दरभाउपत्र दाताको सहीछाप गरी सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ।

**शर्तहरु:**

१.बोलपत्र फारम र शर्तहरुको सुची PPMO को वेब साइट www.http://bolptra.gov.np बाट प्राप्त गर्न सकिने छ।

२.यस नगर क्षेत्र भित्र स्थायी ठेगाना भएका बोलपत्र दाताहरुले अनिवार्य रुपमा नगरपालिकामा व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।

३. बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समय भित्र र उक्तदिन विदा परेमा सोको भोलिपल्ट www.http://bolptra.gov.npबाट बोलपत्र खरिद गर्न सकिने छ।

४. बोलपत्र ८ औं दिनको १२:०० बजे भित्र तथा उक्त दिन विदा परेमा सोको भोलिपल्ट दिनको १२:०० बजे भित्र www.http://bolptra.gov.np मा यस नगरपालिकाको नाउमा नेपाल बैंक लिमिटेड शाखा कृष्णनगरमा रहेको खाता नं. 01403000001001000001 मा तोकिएको दस्तुरजम्मा गरी बोलपत्र दर्ता गर्न सकिनेछ ।दर्ता भएकै दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ।

५. बोलपत्र दाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६.कार्यालयबाट बिक्री नभएको, बोलपत्र दाताको दस्तखत नभएको र शर्तराखि पेश भएको बोलपत्र मान्य हुने छैन।

७.रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहिने छ।

९.व्यक्तिको हकमा टेण्डर स्वीकृत भए पछि सम्झौता गर्न आउदा मूल्य अभिवृदी करमा दर्ता गरेको प्रमाण पेश गर्नुपर्ने छ।

१०.यसमा नपरेका अन्य कुराहरुप्रचलित ऐन,नियम अनुसार हुनेछ।

११.यस सम्बन्धमा अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्न सकिने छ।

१२. सरसफाई गर्नु पर्ने क्षेत्रहरुः कृष्णनगर नगरपालिका वडा नं.१ को नेपाल बिद्युत प्राधिकरण देखि सेमरा गाउँ हुदै भन्सार कार्यालय सम्म र आन्तरिक राजस्व कार्यालय देखि उद्योग बाणिज्य संघ हुदै सेमरा पोखरी सम्म, कृष्णनगर न.पा-०२ सम्पूर्ण वडा बजार क्षेत्र, कृष्णनगर नगरपालिका वडा नं.२ झंडेनगर क्षेत्र र कृष्णनगर नगरपालिका वडा नं.८ र ९ को बहादुरगंज बजार क्षेत्र सरसफाई तथा नालानालीको ढक्कन हटाइ सरसफाई गरि फोहोर संकलन तथा व्यवस्थापन समेत र नगरपालिका क्षेत्रमा बेवारिसे लास र मरेका पशु चौपायाहरुलाई व्यवस्थापन।

**तपसिल**

| क्र.स. | ठे.न. | विवरण | कार्यालयको न्यूनतम अंक प्रति महिना ( VAT सहित) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| १. | KNM/SQ/Sarsaphai-01/083/84 | कृष्णनगर बजार बहादुरगंज बजार तथा नाला सरसफाई गरि फोहोर संकन तथा व्यवस्थापन कार्यतथा कार्यालयले ठेक्का सम्झौतामा उल्लेख गरेको क्षेत्र अधिकतम मासिक | ४००,०००.०० | १०००.०० |

प्रमुख प्रशासकीय अधिकृत